आज **मिति २०७८ साल माघ २१ गते** चौरजहारी नगर कार्यपालिकाको **७६ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## <u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उप-प्रमुख | |
| ३ | श्री गोकुल ढुंगेल | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री देवी खड्का | का.बा.अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना विष्ट कार्की | सदस्य | |
| २० | श्री विनिता गुरुङ | सदस्य | |
| २१ | श्री दलसरी महतरा | सदस्य | |
| २२ | श्री असारे नेपाली | सदस्य | |
| २३ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २४ | श्री दिपा के सी | सदस्य | |

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

## मिति २०७८/१०/२१ गतेको नगर कार्यपालिकाको ७६ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यस अघि बसेको नगर कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समीक्षा सम्बन्धी प्रस्ताव | यस अघि बसेको नगर कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समीक्षा गर्ने । | |
| २ | आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम संशोधनको लागि नगरसभामा पेश गर्ने सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम **अनुसूची-१** बमोजिम संशोधन गरी सभामा पेश गर्ने । | |
| ३ | चौरजहारी नगरपालिका स्वास्थ्य नीति, २०७८ को मस्यौदा सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका स्वास्थ्य नीति, २०७८ को मस्यौदा स्वीकृत गरी नगरसभामा पेश गर्ने । | |
| ४ | चौरजहारी नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७८ को मस्यौदा सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७८ को मस्यौदा स्वीकृत गरी नगरसभामा पेश गर्ने । | |
| ५ | चौरजहारी नगरपालिकाको नगरबस सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६ को दोस्रो संशोधन सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको नगरबस सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६ को परिच्छेद-२ को दफा ६ सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्ने दफाहरु संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने । | |
| ६ | विविध समसामयिक विषयमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. चौरजहारी नगरपालिकाको २ (दुई) वटा एम्बुलेन्सबाट प्रदान गरिने सेवालाई मध्यनजर गर्दै सेवाग्राहीबाट संकलन गरिने शुल्कमा जनयुद्धका शहीद, घाईते, अपाङ्ग, अति विपन्न परिवार, दलित, सुत्केरी महिला र जेष्ठनागरिक तथा ५ वर्षमूनिका बालबालिकालाई सहुलियत प्रदान गर्ने । | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | २. बालुवा, गिट्टी, ढुङ्गा र दहत्तर बहत्तर बिक्री वापत संकलन हुने राजस्व नगरपालिकाको सञ्चित कोषमा आन्तरिक आयतर्फ जम्मा गर्ने व्यवस्था मिलाउने ।<br>३. सामुदायीक कृत्रिम गर्भाधान सेवा केन्द्र स्थापनाको लागि संघिय सरकारबाट प्राप्त बजेट सामुदायिक कृत्रिम गर्भाधान सेवा केन्द्र चौरजहारी नगरपालिका वडा नं १० चिन्नेबगरमा स्थापना गर्ने ।<br>४. गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत समूहमा प्रविधि हस्तान्तरण कार्यक्रमका लागि सिलाई कटाई मेशिन खरिद गरी वडा नं १४ लाई हस्तान्तरण गर्ने ।<br>५. साना व्यवसायीक कृषि उत्पादन केन्द्र बाख्रा पकेट विकास कार्यक्रम (नयाँ स्थापना) कार्यक्रम रु. १५ लाख **अनुसूची-२** बमोजिम बाँडफाँड गर्ने ।<br>६. पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम (पश्चिम) को आ.व. २०७८।०७९ को कार्यक्रम अनुसार एक पालिका एक उत्पादन कार्यक्रम अन्तर्गत चौरजहारी नगरपालिका वडा नं | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

| क.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | ६ मा बाख्रापालन कार्यक्रम गर्ने ।<br>७. जनआन्दोलनका घाइते तथा अपाङ्ग व्यक्तिहरुलाई परिचयपत्र वितरण गर्ने ।<br>८. पशु अस्पताल तथा पशु सेवा कार्यालयको आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत भैसी ब्लक कार्यक्रम सञ्चालनको लागि छनौट भएका वडाहरु संशोधन गर्ने ।<br>९. केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा **अनुसूची-३** बमोजिम रकमान्तर गर्ने । | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

## मिति २०७८/१०/२१ गतेको ७६ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरु

१. यस अघि बसेको नगर कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समीक्षा गरीयो ।

२. आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम **अनुसूची-१** बमोजिम संशोधन गरी सभामा पेश गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

३. चौरजहारी नगरपालिका स्वास्थ्य नीति, २०७८ को मस्यौदा स्वीकृत गरी नगरसभामा पेश गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

४. चौरजहारी नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७८ को मस्यौदा स्वीकृत गरी नगरसभामा पेश गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

५. चौरजहारी नगरपालिकाको नगरबस सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६ को परिच्छेद-२ को दफा (६) को सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्ने दफाहरु तपसिल बमोजिम संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**तपसिल**

| दफा/उपदफा/खण्ड | हालको व्यहोरा | संशोधनको व्यहोरा |
|---|---|---|
| परिच्छेद २ को दफा (६) को उपदफा (१) को | (क) पाँच वर्ष मुनिका बालबालिकालाई कुनै शुल्क नलाग्ने,<br>(ख) असी वर्ष पूरा भएका जेष्ठ नागरिकलाई कुनै शुल्क नलाग्ने,<br>(ग) सत्तरी बर्षका जेष्ठ नागरिकलाई टिकट दरमा पचास प्रतिशत छुट हुने,<br>(घ) अपाङ्गगता भएका व्यक्ति, अशक्त, जनयुद्ध, जनआन्दोलनका घाइते, शहिद परिवारलाई पचास प्रतिशत, र विद्यार्थीहरुलाई टिकट दरमा तेत्तिस प्रतिशत छुट दिने, | (क) पाँच वर्ष मुनिका बालबालिकालाई कुनै शुल्क नलाग्ने,<br>(ख) जेष्ठ नागरिक परिचय पत्र प्राप्त नागरिकहरुलाई कुनै शुल्क नलाग्ने,<br>(ग) हटाउने<br>(घ) अपाङ्गगता भएका व्यक्ति, अशक्त, जनयुद्ध, जनआन्दोलनका घाइते, शहिद परिवारलाई कुनै शुल्क नलाग्ने, र विद्यार्थीहरुलाई टिकट दरमा पचास प्रतिशत छुट दिने, |
| परिच्छेद २ को दफा (६) को उपदफा (२) | उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रुले सम्बन्धित निकायबाट जारी भएको परिचय पत्र देखाउनु पर्नेछ । | उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रुले सम्बन्धित निकायबाट जारी भएको परिचय पत्र वा छुटको सिफारिस पत्र देखाउनु पर्नेछ । |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

६. चौरजहारी नगरपालिकाको २ (दुई) वटा एम्बुलेन्सबाट प्रदान गरिने सेवालाई मध्यनजर गर्दै सेवाग्राहीबाट संकलन गरिने शुल्कमा जनयुद्धका शहीद, घाईते, अपाङ्ग, अति विपन्न परिवार, दलित, सुत्केरी महिला र जेष्ठनागरिक तथा ५ वर्षमूनिका बालबालिकालाई कुनै शुल्क नलाग्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोजनाबाट जारी स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन सूचकहरुको क्र.सं. ३ मा स्थानीय तहले घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४०% रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको अवस्था हेर्नुपर्ने उल्लेख छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (घ) को (६) मा ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा, आदी प्राकृतिक वस्तुको बिक्रि तथा निकासी शुल्क दस्तुर संकलन गर्ने अधिकार स्थानीय तहको एकल अधिकारमा राखिएको छ । ऐ ऐनको दफा ६२ (क) को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी बालुवा एवम् माटो जन्य वस्तुको बिक्रि गर्न सक्ने व्यवस्था गरेको छ । ऐ ऐनको ऐ दफाको उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदीको बिक्रि गर्न सक्ने अवस्था रहेको छ । ऐ ऐनको ऐ दफाको उपदफा (३) मा उपदफा (१) र (२) बमोजिम बिक्रि वापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार आर्थिक ऐन, २०७५ को दफा ३३ मा एकल कर प्रशासन अन्तर्गत प्रदेश र स्थानीय तहबीच बाँडफाँड हुने करमा सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर र विज्ञापन करलाई मात्र राखिएकोले नगरपालिकामा बालुवा, गिट्टी, ढुङ्गा र दहत्तर बहत्तर बिक्रि वापत संकलन हुने राजश्व प्रदेश सरकारसँग बाँडफाँड नगरी नगरपालिकाको सञ्चित कोषमा आन्तरिक आयतर्फ जम्मा गर्ने व्यवस्था मिलाउन नगरसभामा पेश गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

८. सामुदायीक कृत्रिम गर्भाधान सेवा केन्द्र स्थापनाको लागि संघिय सरकारबाट प्राप्त बजेट सामुदायीक कृत्रिम गर्भाधान सेवा केन्द्र चौरजहारी नगरपालिका वडा नं. १० चिन्नेबगरमा स्थापना गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

९. गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत समूहमा प्रविधि हस्तान्तरण कार्यक्रमका लागि सिलाई कटाई मेशिन खरिद गरी वडा नं १४ लाई हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१०. साना व्यवसायीक कृषि उत्पादन केन्द्र बाखा पकेट विकास कार्यक्रम (नयाँ स्थापना) कार्यक्रम रु. १५ लाख **अनुसूची - २** बमोजिम बाँडफाँड गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

विशाल शर्मा

११. पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिमको आ व २०७८।०७९ को कार्यक्रम अनुसार एक पालिका एक उत्पादन कार्यक्रम अन्तर्गत चौरजहारी नगरपालिका वडा नं ६ मा बाख्रापालन कार्यक्रम गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१२. २०५२ फाल्गुण १ गते देखि सुरु भएको सशस्त्र द्धन्द र २०६२।०६३ को जनआन्दोलनमा घाइते भएका व्यक्तिहरुको आवेदन संकलनका लागि प्रकाशित सूचना अनुसार हालसम्म प्राप्त भएका आवेदनहरुसाथ पेश गरेका कागजातहरुमा घाइते परिचयपत्र (क वा ख वा ग वर्ग) हुनुपर्नेमा सो नभएकोले परिचय पत्र प्राप्त गर्न योग्य घाईतेहरुलाई नगरपालिकाबाट १ दिने शिविर राखी परिचयपत्र वितरण गर्ने र उक्त परिचयपत्रको आधारमा घाइतेको विवरण आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुर्खेतमा लेखी पठाउने ।

१३. पशु अस्पताल तथा पशु सेवा कार्यालयको आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत कार्यक्रम अनुसार भैसी ब्लक चौरजहारी नगरपालिका वडा नं ११, १२, १३ र १४ मा सञ्चालन गर्ने गरी मिति २०७८।०८।२९ गतेको नगर कार्यपालिकाबाट निर्णय भएकोमा वडा नं १२ र १४ ले उक्त कार्यक्रम गर्न नसकिने जानकारी गराएकोले उक्त कार्यक्रम वडा नं ११ र १३ मा सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१४. केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा **अनुसूची-३** बमोजिम रकमान्तर गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

अनुसूची-१

चौरजहारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, रुकुम

कार्यालयको कोड : ८०६५९४०२३००

## रकमान्तर

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१-२०७८/०८/२७

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन | घटाउने रकम |
|---|---|---|---|---|---|
| | ८०६५९४०२१०१ चौरजहारी नगरपालिका घटाउने | | | | |
| १ | आयोजना बैंकको लागि आयोजनाहरुको संभाव्यता अध्ययनसहित विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत | २२१३ | नेपाल सरकार - समानिकरण अनुदान | २८.०० | ७५०,०००.०० |
| २ | कर्मचारी तालिम खर्च (जनप्रतिनिधि समेत) | २२५११ | नेपाल सरकार - समानिकरण अनुदान | ५.०० | ३३६,०००.०० |
| ३ | बजार अनुगमण तथा बजार क्षेत्रमा सिसिटिभि/क्यामेरा जडान | २२६११ | नेपाल सरकार - समानिकरण अनुदान | ४.९९ | ४९९,०००.०० |
| ४ | मालिका पर्यटन पूर्वाधार विकासको लागि संघसँग म्याचिङ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | २०.०० | १,९००,०००.०० |
| ५ | प्रदेश सरकारसँग म्याचिङ्ग (एक घर एक धारा खानेपानी आयोजना-वडा नं. १३ को लागि रु ८० लाख, चमेरे गुफा-मालिका पदमार्ग तथा पर्यटकीय पूर्वाधार निर्माण-वडा नं. ६ को लागि रु ७० लाख र पेदीखोला-पाथिहाल्ना-लामाडाँडा सडक निर्माण-वडा नं. १४ को लागि रु ५५ लाख) | ३१५११ | नेपाल सरकार - समानिकरण अनुदान | २,०५.०० | १५,५००,०००.०० |
| ६ | युवा लक्षित आयआर्जन तथा विकास निर्माणको लागि नगर प्रमुख रोजगार कार्यक्रम एवम प्रधामन्त्री रोजगार कार्यक्रम म्याचिङ्ग | | नेपाल सरकार - समानिकरण अनुदान | | १,९४१,०००.०० |
| ८ | कोभिड १९ रोकथाम, नियन्त्रण, परीक्षण र उपचार (खटिएका स्वास्थ्यकर्मी र कर्मचारीहरुको जोखिम भत्ता र निःशुल्क उपचार समेत) | | कर्णाली प्रदेश - समानिकरण अनुदान | | ५००,०००.०० |
| ९ | अशक्त, असहाय, दीर्घ रोगी एवम् विशेष संरक्षण र पालनपोषणको आवश्यकता पर्ने व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउन एवम् सो क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुलाई सहयोग | | कर्णाली प्रदेश - समानिकरण अनुदान | | १५०,०००.०० |
| १० | स्थानीय भत्ता | | नेपाल सरकार - समानिकरण अनुदान | | २००,०००.०० |
| ११ | हाम्रो रेडियो शिक्षा कार्यक्रम | | नेपाल सरकार - समानिकरण अनुदान | | २००,०००.०० |
| १६ | जेष्ठ नागरिकलाई न्यायो कपडा वितरण | | नेपाल सरकार - समानिकरण अनुदान | | १,५००,०००.०० |
| १७ | जग्गा प्राप्ति खर्च (नमूना विद्यालयको भौतिक संरचना निर्माण, रङ्गशाला एवम् खेलकूद ग्राम निर्माण लगायतको प्रयोजनका लागि) | | नेपाल सरकार - समानिकरण अनुदान | | ४,०००,०००.०० |
| १८ | जनजाति लक्षित उद्योग व्यवसाय प्रर्वद्धन कार्यक्रम (दुग्धजन्य उद्योग संचालन तथा व्यवस्थापन) | | नेपाल सरकार - समानिकरण अनुदान | | ९३५,०००.०० |
| | कुल जम्मा | | | ० | २८,४११,०००.०० |

बढाउने कार्यक्रमहरु

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|---|---|
| | ८०६५९४०२१०१ चौरजहारी नगरपालिका बढाउने कार्यक्रम | | | | |
| १ | संचार महशुल इन्टरनेट जडान शुल्क सहित | | प्रदेश सरकार - समानिकरण अनुदान | ६००,०००.०० | |
| २ | पानी तथा विधुत महशुल भुक्तानी | | नेपाल सरकार - समानिकरण अनुदान | १३०,०००.०० | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | पानी तथा विद्युत महशुल भुक्तानी | | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | |
| ३ | सवारी साधन मर्मत खच (जे सी बी नगर बस एमुलेन्स लगायत ) | | नेपाल सरकार - समानिकरण अनुदान | १,३००,०००.०० | |
| ४ | इन्धन खर्च (जे सी बी नगर बस एमुलेन्स जेनेरटर लगायत ) | | नेपाल सरकार - समानिकरण अनुदान | १,७००,०००.०० | |
| ५ | विभिन्न विद्यालय लगायत सार्वजनिक स्थलमा उद्घटनको लागि सिलालेख ताम्रापत्र आदि | | नेपाल सरकार - समानिकरण अनुदान | ३००,०००.०० | |
| ६ | सभा संचालन खर्च सभाका सदस्यहरुलाई स्टेनरी तथा झोला वितरण समेत | | नेपाल सरकार - समानिकरण अनुदान | ३३०,०००.०० | |
| ७ | ब्लड बैंकको लागि आवश्यक सामाग्री खरिद प्रदेश सरकारसँग म्याचीङ्ग | | नेपाल सरकार - समानिकरण अनुदान | ३५०,०००.०० | |
| ८ | नाखिरा विद्यलय भवन निर्माण गत आवको भुक्तानी बाँकि | | नेपाल सरकार - समानिकरण अनुदान | ३,०००,०००.०० | |
| ९ | विभिन्न विद्यलयको भौतिक संरचना निर्माण (मा वि कोटजहारी रातामाटा विचकटिया लगायत) | | नेपाल सरकार - समानिकरण अनुदान | १,५००,०००.०० | |
| १० | नयाँ प्रशासकिय भवनमा आन्तरिक सजावटको लागि परामर्श सेवा | | नेपाल सरकार - समानिकरण अनुदान | ५००,०००.०० | |
| ११ | औषधि तथा औषधिन्जय उपकरण खरिद समेत | | नेपाल सरकार - समानिकरण अनुदान | २,०००,०००.०० | |
| १२ | सिमलचौर ढोलढुङ्गा सडक निर्माण वडा नं. ०६ | | नेपाल सरकार - समानिकरण अनुदान | १,०००,०००.०० | |
| १३ | सिलाखानी धमधमे गौराखागल सडक वडा नं. ०६ | | नेपाल सरकार - समानिकरण अनुदान | १,४००,०००.०० | |
| १४ | घुगुती ज्युला आमासेरा वडा नं. १३ | | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | |
| १५ | अँगेरी बसीगाउँ प्राथमिक स्वास्थ्य केन्द्र सडक निर्माण वडा नं. ०७ | | नेपाल सरकार - समानिकरण अनुदान | १,२००,०००.०० | |
| १६ | पाथिहाल्ना झारे सडक निर्माण वडा नं. ०८ | | नेपाल सरकार - समानिकरण अनुदान | ५००,०००.०० | |
| १७ | आ.वि लामाडाँडा २ कोठे तला थप आयोजना वडा नं. १४ | | नेपाल सरकार - समानिकरण अनुदान | १,२५०,०००.०० | |
| १८ | काफलबोट पिर्याटाकुरी खानेपानी वडा नं. १२ | | नेपाल सरकार - समानिकरण अनुदान | ६००,०००.०० | |
| १९ | चिसापानी भलाक्चा लिफ्ट खानेपानी आयोजना वडा नं. १० | | नेपाल सरकार - समानिकरण अनुदान | १,५००,०००.०० | |
| २० | चौखे सडक मर्मत सम्भार एंव स्तरउन्ति समेत खर्च | | नेपाल सरकार - समानिकरण अनुदान | ८५०,०००.०० | |
| २१ | आ.वि लहरेसिमल भौतिक पुर्वाधार निर्माण वडा नं. ०५ | | नेपाल सरकार - समानिकरण अनुदान | ५००,०००.०० | |
| २२ | ताउलेरह खापखोला सिचाइ कुलो निर्माण वडा नं. १३ | | नेपाल सरकार - समानिकरण अनुदान | ३००,०००.०० | |
| २३ | आ.वि स्यालखोला फिल्ड निर्माण वडा नं. ०३ | | नेपाल सरकार - समानिकरण अनुदान | १,०५०,०००.०० | |
| २४ | मा.वि कोटजहारी भौतिक पुर्वाधार निर्माण वडा नं. ०७ | | नेपाल सरकार - समानिकरण अनुदान | २८०,०००.०० | |
| २५ | लामिरा सुर्केमारे खानेपानी पम्प खरिद आयोजना वडा नं. १२ | | नेपाल सरकार - समानिकरण अनुदान | ३२०,०००.०० | |
| २६ | सडक बिजुलि बत्ती (हाइमाक्स) बजार क्षेत्रमा | | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | |
| २८ | नगर अस्पताल व्यवस्थापन तथा विभिन्न उपकरण खरिद | | नेपाल सरकार - समानिकरण अनुदान | ५५०,०००.०० | |
| २९ | घर्तिकाडा तिर्सेखोला ढोलढुङ्गा सडक IEE तथा डिपिआर समेतको खर्च व्यवस्थापन | | नेपाल सरकार - समानिकरण अनुदान | ५००,०००.०० | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | कालिकागाड, खहरे, जारीखोला तटबन्ध आयोजना निर्माण | | नेपाल सरकार - समानिकरण अनुदान | १,३६६,०००.०० | |
| ३१ | जनजाति लक्षित वडा नं. १४ मा बाखापालन कार्यक्रम | | नेपाल सरकार - समानिकरण अनुदान | ९३५,०००.०० | |
| ३२ | शहिद पुर्ण शान्त स्मृति भवनको लागि आवश्यक मेशिनरी औजार तथा नेट जडान खर्च समेत | | नेपाल सरकार - समानिकरण अनुदान | २५०,०००.०० | |
| ३३ | शहिद पुर्ण शान्त स्मृति भवनको लागि आवश्यक फर्निचर तथा फिक्चर्स खर्च | | नेपाल सरकार - समानिकरण अनुदान | ५००,०००.०० | |
| ३४ | वडा नं. १२ सानाखोला विद्यालयको फिल्ड निर्माण | | नेपाल सरकार - समानिकरण अनुदान | ५००,०००.०० | |
| ३५ | १० नं वडा कार्यालयको भौतिक पुर्वाधार निर्माण | | नेपाल सरकार - समानिकरण अनुदान | ३००,०००.०० | |
| ३६ | आधारभुत विद्यालय कालापत्थरको फिल्ड निर्माण वडाँ नं. ०७ | | नेपाल सरकार - समानिकरण अनुदान | ७००,०००.०० | |
| | कुल जम्मा | | | २८,४११,०००.०० | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

अनुसूची -२

**चौरजहारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

**साना व्यवसायीक कृषि उत्पादन केन्द्र बाखा पकेट विकास कार्यक्रम (नयाँ स्थापना) कार्यक्रम रु. १५ लाखबाट**

क) चौरजहारी नगरपालिका वडा नं. २ विजयश्वरी दलित आयआर्जन समुहमा रु १० लाख ( बाखा खरिद, प्रजनन बोका खरिद तथा अन्य आवश्यक बाखापालनसँग सम्बन्धीत क्रियाकलाप)

ख) चौरजहारी नगरपालिका वडा नं. ५ मल्यासिम लक्ष्मी बाखा फार्ममा रु ५ लाख बजेट ( प्रजनन बोका र वोयर क्रस बाखा खरिद, खोर मर्मत सम्भार तथा तारवार)

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

अनुसूची-३

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सामुदायीक कुकुर बन्ध्याकरण र रेबिज नियन्त्रण कार्यक्रम (जुनोटिक रोग नियन्त्रण कार्यक्रम) कार्यान्वयनका लागि विनियोजित बजेट रु ७० हजारबाट तपसिलका कार्यक्रममा बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

क) माटो परिक्षण प्रयोगशाला तालिमको लागि रु ५० हजार ।

ख) रेबिज रोग नियन्त्रणका लागि रु २० हजार ।

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख